# दुर्घटना लघुबीमालेख

## (नेपाल बीमा प्राधिकरणबाट लघु बीमकका लागि जारी बीमालेख)

बीमितले बीमा वापत लाग्ने पुरा बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले पेश गरेको प्रस्ताव फाराम तथा उद्घोषणको आधारमा बीमा ऐन,२०७९ को अधिनमा रही बीमक श्री.........................ले यो बीमालेख जारी गरेको छ।

१. **प्रारम्भ:** बीमितले बीमाशुल्क भुक्तानी गरेको मिति देखि जोखिम रक्षावरण प्रारम्भ हुनेछ।

२. **बीमादर:** यस बीमाको बीमादर प्रतिहजार पचहत्तर पैसा हुनेछ।

३. **क्षतिपूर्ति पाउने अवस्था:** बीमा अवधि भित्र दुर्घटनाका कारणले भएको क्षतिको बीमकले बीमांकको सिमा तथा बीमालेखको शर्तहरुको अधिनमा रही देहाय बमोजिम क्षतिपूर्ती प्रदान गर्नेछः

(१) बीमितको मृत्यु भएमा बीमाङ्क रकम र काज किरिया खर्च वापत बीमाङ्कको अतिरिक्त थप हुने गरी न्यूनतम रु.१०,०००/- (दश हजार रुपैंया) कायम रहने गरी बीमाङ्कको १० प्रतिशत वा रु.५०,०००/- (पचास हजार रुपैंया) मध्ये जुन कम हुन्छ सो रकम।

(२) देहाय बमोजिम स्थायी पूर्ण अशक्त भएमाः

(क) कुनै एउटा हात वा कुनै एउटा खुट्टा वा दुवै आँखा पुनः दृष्टि नफर्कने गरी काम नलाग्ने भएमा वा पुनः श्रवणशक्ति नफर्कने गरी दुवै कान नसुन्ने भएमा वा सधैँको लागि बोल्न नसक्ने भएमा वा ठिक नहुने गरी मेरुदण्ड काम नलाग्ने भएमा वा दुर्घटनाको कारण पूर्ण अशक्त भएमा बीमाङ्कको शत प्रतिशत

(ख) एउटा आँखा पुनः दृष्टि नफर्कने गरी काम नलाग्ने भएमा वा पुनः श्रवणशक्ति नफर्कने गरी एउटा कान नसुन्ने भएमा बीमाङ्कको पचास प्रतिशत

(ग) हात वा खुट्टाको औंला काम नलाग्ने भएमा प्रति औंला बीमाङ्कको बीस प्रतिशत

(घ) शरिरको अन्य कुनै अंगमा क्षति भई काम नलाग्ने भएमा चिकित्सकको सिफारिस बमोजिम बीमाङ्कको दश प्रतिशत

(३) औषधी उपचार गर्दा खर्च भएको रकम बीमांक वा एक लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सो को सिमा भित्र रही बिल बमोजिम।

४. **अपवाद:** देहायको कारणले भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः

(१) जानी जानी आफैंले लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयासको कारणले भएको दुर्घटना,

(२) मादक पदार्थ सेवन वा लागू औषधको प्रयोग वा मानसिक सन्तुलन ठिक नभएको कारणले भएको दुर्घटना,

(३) मानव जीवन रक्षा गर्दा बाहेक नचाहिदो खतरा मोल्दा, जोखिमपूर्ण खेलकुद वा क्रियाकलापमा संलग्न भएमा वा अपराधिक कार्य गर्दा भएको दुर्घटना,

५. **बीमाका शर्तहरू:** (१) एउटै बीमितको एक भन्दा बढी बीमकबाट बीमा गर्न पाइने छैन।

(२) बीमित स्थायी पूर्ण अशक्त भएको कुरा मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित हुनु पर्नेछ।

(३) बीमितले झुट्ठा, गलत विवरण दिएमा वा जालसाजीपूर्ण दाबी गरेमा वा बीमालेखको शर्त उल्लंघन गरेमा बीमकले दाबी भुक्तानी गर्नेछैन।

(४) बीमित दुर्घटनामा परे तुरून्तै बीमकलाई खबर गर्नु पर्नेछ र अपराधिक क्रियाकलाप समेत भएको रहेछ भने नजिकको प्रहरी कार्यालयमा समेत खबर गर्नु पर्नेछ।

(५) बीमक तथा बीमितले बीमालेखको एक एक प्रति आफूसंग राख्नुपर्नेछ।

६. **उजुरी दिन सकिने:** दावी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा नेपाल बीमा प्राधिकरणमा उजुरी दिन सकिनेछ।

### बीमालेखको तालिका

| | |
|---|---|
| बीमकको कोडः ... ... ... ... ... | बीमालेख नम्बर ... ... ... ... ... |
| जारी भएको शाखाको कोडः ... ... ... ... ... | बीमा प्रारम्भ मिति र समयः ... ... ... ... ... |
| **बीमा अभिकर्ताको**<br>नामः ... ... ... ... ...<br>इजाजतपत्र नम्बरः ... ... ... ... ... | बीमा समाप्ति मितिः ... ... ... ... ...<br>बीमाशुल्क रसिदको नम्बर/ मिति र समयः... ... ... ... ... |
| **बीमितको**<br>नाम थरः ... ... ... ... ...<br>ठेगानाः ... ... ... ... ...<br>सम्पर्क नम्बरः ... ... ... ... ... | बीमालेखः व्यक्तिगत/सामूहिक<br>बीमित सदस्य संख्याः ... ... ... ... ... |
| **प्रस्तावकको** ( बीमित र प्रस्तावक फरक भएमा)<br>नाम थरः ... ... ... ... ...<br>ठेगानाः ... ... ... ... ...<br>सम्पर्क नम्बरः ... ... ... ... ... | **बीमालेख धारकको**<br>नाम थरः<br>ठेगानाः<br>प्रस्ताव मितिः ... ... ... |
| **बीमाङ्क रकम**<br>अंकमाः ... ... ... ... ... ... ... ... ... ... ... ... (क) | **अक्षरमा:**... ... ... ... ... ... ... ... ... ... ... |
| बीमादरः | ... ... ... ... ... (ख) |
| बीमाशुल्कः | (क) x (ख) =... ... ... ... ... (ग) |
| प्रत्यक्ष छुट (यदि अभिकर्ता प्रयोग नगरी बीमा गरिएको भएमा) | (ग) x ५ % = ... ... ... ... ...(घ) / ० |
| छुट पश्चातको बीमाशुल्कः | (ग) - (घ) = ... ... ... ... ... (ङ) |
| मुल्य अभिवृद्धि कर रकम | (ङ) x १३% = ... ... ... ... .....(च) |
| टिकट दस्तुरः | ... ... ... ... ...(छ) |
| **कुल जम्मा बीमाशुल्क रकमः** | (ङ) + (च) +(छ)= **... ... ... ... ... ...** (ज) |

मिति: ............................ जाच्ने: ................. (आधिकारिक हस्ताक्षर)

नाम/ पद